# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत २६ गते २०५८ साल (अतिरिक्ताङ्क ७७ (ग)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय अर्थ मन्त्री डा. श्री रामशरण महत पाकिस्तानको इस्लामाबादमा हुने सार्कका अर्थ एवं योजना मन्त्रीहरूको बैठकमा भाग लिन २०५८ साल चैत २४ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा गृह र स्थानीय विकास मन्त्रालयहरूको समेत कार्यभार सम्हाल्नु भएका माननीय भौतिक योजना तथा निर्माण मन्त्री श्री चिरञ्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी. सिंगापुरमा आयोजना हुने २५ औं पाटा ट्राभल मार्ट २००२ मा भाग लिने सिलसिलामा २०५८ साल चैत्र २६ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जलस्रोत मन्त्री श्री विजयकुमार गच्छदारले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बेल्जियमका लागि शाही नेपाली राजदूत श्री नारायण शम्शेर थापालाई युरोपियन समुदायका लागि नेपाल अधिराज्यको नियोगको प्रमुख पनि नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।